लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या: ३ मिति: २०८०३०-०३-

(भाग –१)

## लेटाङ नगरपालिका

### लेटाङ नगरपालिका जलस्रोत सम्बन्धी ऐन,२०८०

लेटाङ नगरपालिका, मोरङ

# लेटाङ नगरपालिका जलस्रोत सम्बन्धी ऐन,२०८०

**नगर सभाबाट स्वीकृत मितिः २०८०।३।१०**

**प्रमाणिकरण मितिः २०८०।०३।३०**

**प्रस्तावनाः**

लेटाङ नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने जलउपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोग निर्धारण गर्ने, उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को अधिकार प्रयोग गरी धारा २२६ बमोजिम लेटाङ नगरपालिकाको १३औं नगर सभाले लेटाङ नगरपालिकाको जलस्रोत ऐन, २०८० जारी गरेको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " लेटाङ नगरपालिकाको जलस्रोत ऐन, २०८० रहेको छ।

(२) यो ऐन लेटाङ नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले दफा ८ बमोजिम जलस्रोतको उपयोग गर्न नगरपालिकाबाट कानुन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले जलश्रोत उपयोग गर्ने ब्यक्ती वा समूह सम्झनु पर्छ।

(ग) "उपभोक्ता संस्था" भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्त संस्था सम्झनुपर्छ।

(घ) "जलस्रोत" भन्नाले लेटाङ नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ।

(ङ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली वा कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिकालाई सम्झनु पर्छ।

(छ) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(ज) "नगर उपप्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ।

(झ) "नगर सभा" भन्नाले लेटाङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ट) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्छ।

(ठ) "सेवा शुल्क" भन्नाले अनुमति पत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलब्ध गराएको जलस्रोतसम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने शुल्क सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले लेटाङ नगरपालिकाको दफा १५ बमोजिम गठन भएको नगर जलस्रोत समितिलाई सम्झनुपर्छ।

## परिच्छेद-२ जलस्रोत उपयोग

३. जलस्रोतको उपयोगः (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैनः

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रूपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रूपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत तोकिएबमोजिम उपयोग गर्न ।

लेटाङ नगरपालिका मोरङ

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**५. जल उपभोक्ता संस्थाको गठन** :

(१) सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिएबमोजिम जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई तोकिए बमोजिम दर्ता गरी तोकिएको अधिकारीबाट दर्ता प्रमाणपत्र लिनुपर्नेछ।

**६.उपभोक्ता संस्था सङ्गठित संस्था हुनेः**

(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर नालिसपनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**७. जलस्रोत उपयोगको प्राथमिकताक्रमः** (१)जलस्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछः

(क) खानेपानी र घरेलु उपयोग,
(ख) सिंचाइ,
(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,
(घ) जलविद्युत,
(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,
(च) जल यातायात,
(छ) आमोद प्रमोदजन्य उपयोग,
(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा नगर जलस्रोत समितिले उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम बमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक

जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमबाट उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गरी सोही बमोजिम कार्यान्वयन गर्न लगाउनेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सबैले पालना गर्नुपर्नेछ ।

(४) नगर जलस्रोत समितिले उपदफा (२) बमोजिम काम गर्न कार्यविधि आफै तोक्न सक्नेछ।

## परिच्छेद-३ अनुमति पत्र सम्बन्धी व्यवस्था

**८. अनुमति पत्र दिनुपर्नेः** (१) स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले जलउपयोग गर्ने बिषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका विवरणहरू खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुमति पत्रको लागि निवेदन दिनुपर्नेछ।

तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँच गर्न लगाई निवेदन परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमति पत्रको हकमा ३० दिन भित्र र जलस्रोत उपयोग अनुमति पत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकी दफा ७ को उपदफा (१) मा उल्लिखित प्राथामिकता क्रम तलमाथि नहुने गरी अनुमति पत्र दिनु पर्नेछ।यस सम्बन्धी थप ब्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) अनुमति पत्र प्राप्त संगठित संस्था वा व्यक्तिले जलस्रोतउपयोग गरे वापत लेटाङ नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ।

(४) अनुमति पत्र प्राप्त संगठित संस्था वा व्यक्तिले आफ्नो अनुमति पत्र बिक्री गर्न वा कसैलाई हस्तान्तरण गर्नुपरेमा लेटाङ नगरपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

**९.जलविद्युतको लागि जलस्रोतको उपयोगः** दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादन गर्ने प्रयोजनका लागि सर्वेक्षण गर्न, संरचना निर्माण गर्न तथा सो कार्य सँग सम्बन्धित अन्य काम गर्न आवश्यक अनुमति र नविकरण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**१०. अनुमति पत्र नवीकरण गर्नेः** (१) यो ऐन बमोजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि दिइएको अनुमति पत्र प्रत्येक आर्थिक बर्षको अन्त्यमा नविकरण गर्नु पर्नेछ।

(२) यस अघि कानुन बमोजिम दर्ता भएका संगठित संस्थालाई यसै ऐन अनुसार भएको मानि नवीकरण गरिनेछ। नवीकरण प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा २ अनुसार दर्ता भएका जल उपभोक्ता संस्था नगरपालिकामा अधिकार हस्तान्तरण हुनु अघि सम्म नियमित नवीकरण भएकाको हकमा नियमित सरह मानि नवीकरण दस्तुर लिई नवीकरण गरिने छ। तर सम्बन्धित निकायमा दर्ता भै आवश्यक प्रक्रिया पुरा नगरेका जलउपभोक्ता संस्थाको हकमा कार्यविधिले तोके अनुसार वा नयाँ प्रक्रिया अनुसार पुन अनुमति पत्र लिनु पर्नेछ।

**११. अनुमतिपत्र खारेज गर्न सकिनेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम विपरित कार्य गरेमा दफा १५ बमोजिम गठित समितिको निर्णयअनुसार तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्ने मौकाको आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र आवश्यक सुधार नगरेमा अनुमति पत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ। यसरी खारेज भएको संस्थाले साधारण सदस्यलाई बुझाउनुपर्ने दायित्व भए कार्य समितिले तोकिए बमोजिम फरफारक गर्नुपर्नेछ।

**१२. नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः** (१) स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने जल उपयोग सम्बन्धी जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनले कुनै वाधा पुरयाएको मानिने छैन।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक हित र उपयोगका लागि लेटाङ नगरपालिकाले तोकिएको प्रक्रिया पूरा गरी आफनो माताहतमा लिई प्रत्यक्ष रुपमा सञ्चालन, ब्यवस्थापन तथा विकास गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, संरचना वापत कुनै ब्यक्ति वा निजी संस्था, कम्पनीको लगानी वा स्वामित्व भएमा

लेटाङ नगरपालिकाले सम्बन्धितलाई प्रचलित कानुनमा तोकिए बमोजिम क्षतिपुर्ति वा मूल्य दिनुपर्नेछ।

(४) लेटाङ नगरपालिकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरिरहेको जलस्रोतलाई निजहरूसँगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्धन गर्न आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछ ।

**१३. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः** (१) लेटाङ नगरपालिकाले दफा ८ उपदफा (१) र (२) बमोजिम विकास गरेको जलस्रोत सम्बन्धी कुनै परियोजनाको निर्माण समाप्त भैसकेपछि निर्माण गर्ने संस्थाबाट उपभोक्ता संस्थालाई आवश्यक शर्तहरू तोकी हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमतिपत्र प्राप्त गरे सरह सो परियोजनाको संचालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**१४. जलस्रोत उपयोगका लागि करार गर्न सक्नेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि लेटाङ नगरपालिकाले कुने संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानुनको अधिनमा रहेर करारमा उल्लेखित शर्तहरू बमोजिम हुने गरी कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न, गराउन सक्नेछ।

लेटाङ नगरपालिका

## परिच्छेद-४

## नगर जलस्रोत समिति सम्बन्धी व्यवस्था

**१५.नगर जलस्रोत समितिको गठनः** (१) लेटाङ नगरपालिकाभित्र रहेको जलस्रोतउपयोगको आवस्यक अध्ययन अनुसन्धान एवं जलस्रोतउपयोगको लागि अनुमति प्रदान गर्न, अनुगमन नियमन गर्न तथा तोकिए बमोजिम नगरेमा अनुमति पत्र खारेज गर्ने प्रयोजनको लागि एक नगर जलस्रोत समिति रहनेछ।

(२)नगर जलस्रोत समितिका पदाधिकारी पदाधिकारीः

(क)नगर प्रमुख ................................ अध्यक्ष

(ख)नगर उपप्रमुख.................................सदस्य

(ग)प्रमुख प्रशासकिय अधिकृत ......................... सदस्य

(घ)नगरपालिकाको सामाजिक विकास समति संयोजक ..... सदस्य

(ङ) कार्यपालिका सदस्यमध्ये कार्यपालिकाले तोकेको १ महिला सहित २ जना ........सदस्य

(च) जलस्रोत विज्ञ तथा अनुभवी उपभोक्ताहरुबाट नगर कार्यपालिकाले मनोनित गरेको कम्तिमा १ महिला सहित २ जना ......... सदस्य

(छ) जलस्रोत तथा खानेपानी हेर्ने शाखाको शाखा प्रमुख ..........सदस्य सचिव

नगर जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. नगर जलस्रोत समितिको काम कर्तव्य र अधिकारः** स्थानीय जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जलस्रोत उपयोग र सर्वेक्षण सम्बन्धमा इजाजत पत्र प्रदान गर्न कार्यपालिकामा सिफारिस गर्ने।

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने।

(ग) जलस्रोत उपयोग सम्बन्धमा कुने प्रश्न उठेमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने।

(घ) खण्ड (ग) बमोजिम जाँच गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलश्चोतको उपयोग नभए

नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति वा संस्था उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न।

सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ङ) नगरपालिकाको जलस्रोत ब्यवस्थापन सम्बन्धी आवश्यक नीति, कार्यक्रम तथा नियमन सम्बन्धी काम गर्ने।

(च) नगर क्षेत्रभित्रको जलस्रोत उपयोग ब्यवस्थापन सम्बन्धमा कुनै समस्या भए त्यसको सुनुवाई गर्ने तथा आवश्यक निर्णय गर्ने।

(छ) नगर जलस्रोत ऐन तथा कार्यविधि विपरित गर्ने जल उपभोक्ताका सम्बन्धमा आवश्यक निर्णय

लिने।

## परिच्छेद- ५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१७. सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यो ऐन वा ऐन अनुसार बनेको नियम, कार्यविधि र मापदण्ड उल्लघन गरेमा नगरपालिकाले कार्यविधिमा तोके अनुसार प्रक्रिया पूरा गरी प्रचलित कानुनमा तोकिएको जरिवाना हुनेछ।

(२) नगरपालिकालाई कुनै शीर्षकमा बुझाउनु पर्न अनुमति तथा नविकारण शुल्क, सेवा शुल्क, दस्तुर, जरिवाना र अन्य जुनसुकै रकम समयमा नतिरेमा सम्बन्धित संस्था वा व्यक्तिबाट नगरपालिकाले सरकारी बाँकी सरह असुल गर्नेछ।

(३) उपभोक्ताले सेवा अनधिकृत रूपमा प्रयोग गरेमा सजाय स्वरूप सेवा बन्द गरी १० हजार सम्म जरिवाना गर्न सक्नेछ।

**१८. अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** (१) नगरपालिकाले दफा १७ बमोजिमको कसूर गरेको जानकारी हुन आएमा वा आसंका भएमा अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

**१९. मुद्दा सम्बन्धी व्यवस्थाः (१)** संघीय कानुन बमोजिमको सजाय हुने कसुर सम्बन्धी कार्यमा संघीय कानुन लागू हुनेछ ।

**२०.**पुनरावेदन सम्बन्धी व्यवस्थाः (१)यस ऐन बमोजिम जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारीले गरेको निणर्य वा नगर जलस्रोत समितिबाट कार्वाही भएकोमा चित्त नबुझ्ने सम्बन्धित व्यक्तिले त्यस्तो कार्वाहीको जानकारी पाएको मितिले तिस दिन भित्र लेटाङ नगरपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ। न्यायिक समितले आफ्नो क्षेत्राधिकार भित्र रहने विषयमा आवश्यक निर्णय दिनेछ भने क्षेत्राधिकारमा नपर्ने विषय भएमा जिल्ला अदालत समक्ष मुद्दाको कारवाहीका लागि लेखी पठाउनु पर्नेछ।

लेटाङ नगरपालिका

## परिच्छेद -६
## विविध

**२१. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउनेः** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा जल उपभोक्ता संस्थाले आफुले विकास गरेको जलस्रोत उपयोगका सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ। त्यसरी लिने शेवा शुल्क नगरपालिकाले तोकेको सोही क्षेत्रको न्यूनतम र अधिकतम शुल्कको सीमा भित्र रहेर संस्थाको आधिकारिक अङ्ग वा निकायबाट पूर्व स्वीकृति अनिवार्य लिएको हुनुपर्नेछ।

(२) लेटाङ नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क र अनुमति प्राप्त व्यक्ति वा संस्थाले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत मासिक वा वार्षिक रुपमा शुल्क निर्धारण गरी लिनेछ।

**२२.सेवा रोक्न सक्नेः** (१) सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनधिकृत रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ।

**२३.अन्य व्यक्तिको जग्गामा प्रवेश गर्न सक्नेः** (१)लेटाङ नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण बा उपयोगको सिलसिलामा कसैको जग्गामा प्रवेश गर्नु परेमा नेपाल सरकार वा अनुमति पत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो जग्गाको क्षेत्रमा प्रवेश गर्न सक्नेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा लेटाङ नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ। तर कुनै घर जग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरूपयोग गरी रहेको शङ्का हुने मनासिब माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन र हानी नोक्सानी हुनबाट बचाउन पूर्व सूचना दिन बाध्यता हुने छैन।

**२४.जलस्रोतको उपयोगसँग सम्बन्धित संरचनाको सुरक्षाः** (१) जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको अनुरोध तथा नगरकार्यपालिकाले आवश्यक ठानेमा आवश्यक सुरक्षा प्रवन्ध गर्न सक्नेछ।

**२५.जलस्रोतलाई प्रदूषित गर्न नहुनेः** (१) लेटाङ नगरपालिका क्षेत्र भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुँदैन ।यदि त्यसो गरेको नगरपालिकाले त्यस्ता प्रदूषण सफा गर्न लगाई फोहोर गरेवापत संघीय कानुनमा तोकेको भए सोही अनुसार नतोकेको भए ५० हजार देखि १ लाख सम्म जरिवाना गराउनेछ।

**२६.वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः** (१)जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा जलचर, थलचर, वनस्पति, मानव र अन्य प्राणी जगतलाई प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ।

(२) उपदफा (१) को प्रतिकुल हुने गरी कार्य गरेको पाइएमा त्यस्ता कार्य गर्न व्यक्ति वा संस्थालाई प्रचलित कानुन अनुसार कारवाही गरिनेछ।

**२७. बाधा अड्काउ फुकाउः** (१) यस ऐन कार्यान्वयनका क्रममा कुनै वाधा अड्काउ परेमा नगर सभाले निर्णय गरेर बाधा अड्काउ फुकाउनेछ।

**२८. परिमार्जन र संसोधन:** यस ऐनलाई आवश्कयताका आधारमा नगरसभाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ।

**२९. बचाउ र खारेजी:** (१) यस अघि सम्वन्धित ऐन कानुन अनुसार भए गरेका जलस्रोत सम्बन्धी कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यो ऐनको कुनै दफा वा खण्ड संघीय तथ प्रदेश कानुनसँग बाझिएको खण्डमा त्यसरी बाझिएको व्यवस्था संघीय कानुनबमोजिम नै हुनेछ।

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८०।३।३०

लेटाङ नगरपालिका, मोरङ